# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


प.सं. CIST/PSTD

च.नं. ४७८/२०८१/०८२

मितिः २०८१/११/२७

**श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,**
**सिंहदरबार, काठमाण्डौ ।**

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **अधिकृत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Advanced Course on Management and Development (ACMD)** तथा **अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD)** सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दछ । आ.व. २०८१/८२ को वार्षिक कार्यतालिका अनुरूप तपसील बमोजिमका प्रशिक्षण कार्यक्रममा **सहभागीताका लागि नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई सो** मनोनयन पत्र **मिति २०८१/१२/१८ गतेसम्म** इमेल ठेगाना inservice@nasc.org.np र inservicenasc@gmail.com मा पठाईदिनुहुन अनुरोध गर्दछु ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति |
|---|---|---|
| PCMD 9 | २ जना | २०८१/१२/२५ देखि ३२ कार्यदिने |
| PCMD 10 | १ जना | २०८१/१२/२५ देखि ३२ कार्यदिने |
| ACMD 5 | १ जना | २०८१/१२/२७ देखि ४० कार्यदिने |
| **सम्पर्क:** | | *दर्ता लिंक* |
| PCMD: श्री श्रीनिवास पौडेल (९८४३३३२४८१) | | *https://forms.gle/sfjfSzmQxt2Tb21i9* |
| ACMD: श्री रोशनी भुजेल (९८५१२०१०४६) | | *https://forms.gle/GDxgnxX6B3c2PcWL9* |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:**

- अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८१ असार मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८१ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।
- हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन् ।
- मनोनयन गर्दा तालिकामा उल्लेख भए बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
- सम्बन्धित मन्त्रालय/संस्थानले सम्भावित सहभागीको नाम सिफारिस गर्दा वरिष्ठताको आधारबाट गर्नुपर्ने छ ।
- मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ साथै मनोनयन स्वीकृतिको जानकारी ईमेलको माध्यमबाट गराइनेछ ।
- मनोनित कर्मचारीहरुको नामावली संग्लन पत्र प्रतिष्ठानको ईमेल **inservice@nasc.org.np** र **inservicenasc@gmail.com** मा पठाउनु पर्नेछ ।
- मनोनित कर्मचारीहरुले **ACMD** का लागि *https://forms.gle/GDxgnxX6B3c2PcWL9* र **PCMD** का लागि *https://forms.gle/sfjfSzmQxt2Tb21i9* मार्फत registration गर्नु पर्नेछ ।

रोशनी

................................
रोशनी भुजेल
अध्ययन उप-निर्देशक